श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३३ सालको ऐन नं. ४४

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर श्रोजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई दर्ता गर्न बनेको ऐन

प्रस्तावनाः नेपाली नागरिकको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटना दर्ता गरी प्रमाण-पत्र वितरण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३" रहेको छ ।

(२) यो ऐनको विस्तार नेपाल अधिराज्यभर हुनेछ ।

(३) दफा १ तुरुन्त प्रारम्भ हुनेछ र अरू दफाहरू श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि तोकेको क्षेत्रमा प्रारम्भ हुनेछन् ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "व्यक्तिगत घटना" भन्नाले कुनै व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई सम्झनुपर्छ ।

८५८ अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "बसाई सराई" भन्नाले नेपाल अधिराज्यभित्र एक गाउँ पञ्चायत वा नगर पञ्चायत क्षेत्रबाट अर्को गाउँ पञ्चायत वा नगर पञ्चायत क्षेत्रमा वा विदेशमा बसाई सरी जाने वा विदेशबाट बसाई सरी आउने कार्यलाई सम्झनुपर्छ ।

तर, अध्ययन, अनुसन्धान र नोकरीको सिलसिलामा वा यस्तै अरू कारणले एक ठाउँबाट अर्को ठाउँमा अस्थायीरूपमा सरी जाने कार्यलाई बसाई सराई मानिने छैन ।

(ग) "पंजिकाधिकारीको कार्यालय" भन्नाले दफा ३ बमोजिम नियुक्त भएको वा तोकिएको पंजिकाधिकारी (रजिस्ट्रार) वा स्थानीय पंजिकाधिकारी (रजिस्ट्रार) को कार्यालय सम्झनुपर्छ ।

(घ) "परिवारको मुख्य व्यक्ति" भन्नाले परिवारको चाँजोपाँजो मिलाउने वरिष्ठ व्यक्ति वा परिवारको पालन-पोषण गर्ने व्यक्ति सम्झनुपर्छ ।

(ङ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. पंजिकाधिकारी तथा स्थानीय पंजिकाधिकारी: यस ऐनको प्रयोजनको लागि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी एकजना पंजिकाधिकारी (रजिष्ट्रार) र निजको मातहतमा रहने गरी नेपाल अधिराज्यको प्रत्येक गाउँ पञ्चायत वा नगर पञ्चायत क्षेत्रको लागि स्थानीय पंजिकाधिकारी (रजिष्ट्रार) हरू नियुक्त गर्न वा तोक्न सक्नेछ ।

४. व्यक्तिगत घटनाको सूचना: (१) देहायको अवस्थामा देहायका व्यक्तिले व्यक्तिगत घटना दर्ता गराउनको लागि त्यस्तो घटना घटेको पैंतीस दिनभित्र तोकिएबमोजिमको फाराम भरी स्थानीयपंजिकाधिकारीको कार्यालयमा सूचना गर्नु पर्नेछ:—

(क) जन्म तथा मृत्युको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको पुरुषहरूमध्ये सबैभन्दा जेठो व्यक्तिले,

(ख) विवाहको सूचना पतिले र निजको अनुपस्थितिमा पत्नीले,

(ग) सम्बन्ध विच्छेदको सूचना पति-पत्नी दुबैले,

(घ) बसाई सराईको सूचना बसाई सर्ने परिवार भए परिवारको मुख्य व्यक्तिले र परिवार नभए बसाई सराई गर्ने व्यक्तिले ।

(२) व्यक्तिगत घटना नेपाल अधिराज्यबाहिर घटेको भए उप-दफा (१) बमोजिम सो घटनाको सूचना दिनु पर्ने कर्तव्य भएको व्यक्ति नेपाल अधिराज्यमा आएपछि निजले साठी दिनभित्र सूचना दिनु पर्नेछ ।

(३) उप-दफा (१) बमोजिम व्यक्तिगत घटनाको सूचना दिनु पर्ने कर्तव्य भएको व्यक्तिले त्यस्तो सूचना दर्ता गराउनको लागि कुनै व्यक्तिलाई अधिकृत गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उप-दफा (१) को खण्ड (क) बमोजिम जन्म तथा मृत्युको सूचना दिनु पर्ने कर्तव्य भएको व्यक्ति नभएको अवस्थामा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको व्यक्तिले त्यस्तो सूचना दिनु पर्नेछ ।

५. व्यक्तिगत घटना दर्ता गर्नेः (१) दफा ४ बमोजिमको सूचना प्राप्त हुनासाथ स्थानीय पंजिकाधिकारीले देहायबमोजिम गरी त्यस्तो घटना सम्बन्धित दर्ता किताबमा दर्ता गर्नेछः—

(क) सूचना दिन आउने व्यक्तिले भरेको फाराम ठीक छ छैन जाँची ठीक नभए ठीक गर्न लगाई, र

(ख) सूचना गर्न आउने व्यक्ति लेखपढ गर्न नजान्ने भए निजले भनेबमोजिम आफैले फाराम भरी वा भर्न लगाई निजको ल्याप्चे सहीछाप गराई ।

(२) सम्बन्ध विच्छेदको सूचना दर्ता गर्दा सो सम्बन्धमा अदालतबाट भएको निर्णय समेत हेरी दर्ता गर्नु पर्नेछ ।

(३) दफा ४ को उप-दफा (१) वा (२) मा तोकिएको म्याद नाघेको पैंतीस दिनभित्र व्यक्तिगत घटनाको दर्ता गराउन आएमा स्थानीय पंजिकाधिकारीले पन्ध्र रूपैयाँ दस्तूर लिई दर्ता गर्नेछ ।

(४) काबूबाहिरको परिस्थितिमा बाहेक उप-दफा (३) मा तोकिएको म्यादभित्र पनि व्यक्तिगत घटना दर्ता गराउन नसक्नेलाई स्थानीय पंजिकाधिकारीले बढीमा पचास रूपैयाँसम्म जरीवाना गरी दर्ता गरिदिनेछ ।

६. प्रमाण-पत्र दिनेः दफा ५ बमोजिम व्यक्तिगत घटनाको सूचना दर्ता गर्नासाथ स्थानीय पंजिकाधिकारीले दफा ४ को उप-दफा (१) मा तोकिएका व्यक्तिलाई निःशुल्क दर्ताको प्रमाण-पत्र दिनेछ ।

७. दर्ताको प्रमाण-पत्रको नक्कल दिन सकिनेः (१) दफा ६ बमोजिम प्रदान गरिएको दर्ताको प्रमाणपत्र हराएमा वा कुनै प्रकारले नष्ट भएमा सरोकारवाला व्यक्तिले सम्बन्धित स्थानीय पंजिकाधिकारीको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उप-दफा (१) बमोजिम परेको निवेदनको व्यहोरा मनासिब देखेमा सम्बन्धित स्थानीय पंजिकाधिकारीले तोकिएको दस्तूर लिई दर्ताको प्रमाण-पत्रको नक्कल दिनेछ ।

८. परिवारको लगत तयार गर्न कर्मचारी खटाउन सकिनेः (१) व्यक्तिगत घटना दर्ता गर्ने प्रयोजनको लागि परिवारको लगत तयार पार्न आवश्यक देखिएमा श्री ५ को सरकारले सो कामको लागि कर्मचारी खटाउन सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम खटिएको कर्मचारीले मागेको विवरण वा सोधिएको प्रश्नावलीको जवाफ दिनु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

(आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।)

९. दर्ताको मान्यता: दफा ६ बमोजिम प्रदान गरिएको दर्ताको प्रमाण-पत्र त्यस्तो व्यक्तिगत घटना भएको छ भन्ने प्रमाणको लागि अड्डा अदालतमा पेश गर्न सकिनेछ ।

१०. व्यक्तिगत घटना दर्ता किताब निरीक्षण गर्न सकिने: कुनै व्यक्तिले पञ्जिकाधिकारी वा स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा रहेको व्यक्तिगत घटना दर्ता किताब निरीक्षण गर्न चाहेमा तोकिएको दस्तूर लिई सम्बन्धित पञ्जिकाधिकारीले दर्ता किताब निरीक्षण गर्न दिन सक्नेछ ।

११. अभिलेख राख्नु पर्ने: सबै स्थानीय पञ्जिकाधिकारीको कार्यालयले महीनैपिच्छे दर्ता भएको व्यक्तिगत घटनाको विवरण पञ्जिकाधिकारीको कार्यालयमा यथाशीघ्र पठाउनु पर्नेछ र पञ्जिकाधिकारीको कार्यालयले पनि त्यसरी प्राप्त हुन आएको विवरण संकलन एवं विश्लेषण गरी व्यक्तिगत घटना दर्ताको अभिलेख अद्यावधिक गरी वार्षिक नतीजा समेत प्रकाशित गर्नु पर्नेछ ।

१२. स्थानीय पञ्चायतको कर्तव्य: (१) यो ऐनबमोजिम दर्ता गराउनु पर्ने व्यक्तिगत घटना भएको थाहा पाएमा सम्बन्धित गाउँ वा नगर पञ्चायतले सम्बन्धित व्यक्तिलाई सम्झाई बुझाई त्यस्तो घटनाको सूचना दर्ता गर्ने सम्बन्धमा आवश्यक सहयोग गर्नु पर्नेछ ।

(२) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम गर्नु पर्ने कामको सिलसिलामा खटिएका कर्मचारी वा स्थानीय पञ्जिकाधिकारीलाई आवश्यक सहयोग गर्नु स्थानीय पञ्चायतको कर्तव्य हुनेछ ।

१३. दण्ड सजाय: (१) दफा ८ को उप-दफा (२) बमोजिम मागिएको विवरण वा सोधिएको प्रश्नावलीको जवाफ नदिनेलाई बढीमा पचास रूपैयाँसम्म जरीवाना हुनेछ ।

(२) कसैले अरूलाई दु:ख दिने वा व्यक्तिगत लाभ गर्ने नियतले नभएको व्यक्तिगत घटनालाई भएको छ भनी झूठा सूचना दिएको ठहरेमा निजलाई पन्ध्र दिनसम्म कैद वा पाँचसय रूपैयाँसम्म जरीवाना वा दुबै सजाय हुनेछ ।

(३) कसैले आफ्नो जिम्मामा रहेको व्यक्तिगत घटनासम्बन्धी सूचना फाराम वा दर्ता किताब वा परिवार लगत जानी-जानी नष्ट गरेमा वा व्यक्तिगत लाभ वा अनधिकृत कामको लागि प्रयोग गरेमा निजलाई तीन महीनासम्म कैद वा तीन सय रूपैयाँदेखि छ सय रूपैयाँसम्म जरीवाना वा दुबै सजाय गर्न सकिनेछ ।

१४. श्री ५ को सरकार वादी हुने: दफा १३ अन्तर्गत सजाय हुने मुद्दा श्री ५ को सरकार वादी हुनेछ ।

१५. मुद्दा हेर्ने अधिकारी र कार्यविधि: (१) दफा १३ अन्तर्गत सजाय हुने मुद्दाको कारबाई र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

76

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) बमोजिम मुद्दाको कारवाई गर्दा प्रमुख जिल्ला अधिकारीले विशेष अदालत ऐन, २०३१ बमोजिमको कार्यविधि अपनाउनेछ ।

(३) उप-दफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको निर्णयउपर अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ ।

१६. <u>बाधा अडकाउ फुकाउने अधिकार</u>: यो ऐनमा लेखिएको कुनै कुरा कार्यान्वित गर्न बाधा अडकाउ परेमा श्री ५ को सरकारले त्यस्तो बाधा अडकाउ फुकाउन नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक आदेश जारी गर्न सक्नेछ ।

१७. <u>नियम बनाउने अधिकार</u>: (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्नको लागि श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

(२) उप-दफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी खास गरी देहायका विषयहरूमा नियमहरू बनाउन सकिनेछः–

(क) यस ऐनबमोजिम भर्नु पर्ने व्यक्तिगत घटनाको सूचना फाराम तथा पञ्जिकाधिकारीको कार्यालयमा रहने दर्ता किताब सम्बन्धमा,

(ख) व्यक्तिगत घटनाको दर्ताको प्रमाण-पत्र सम्बन्धमा,

(ग) व्यक्तिगत घटनाको दर्ताको प्रमाण-पत्रको नक्कल तथा दर्ता किताबको निरीक्षण दस्तूर सम्बन्धमा,

(घ) परिवारको लगत तयार गर्न आवश्यक विवरण वा प्रश्नावलीको ढाँचा तोक्ने सम्बन्धमा,

(ङ) विवरण सच्याउने सम्बन्धमा,

(च) बच्चाको नाम दर्ता गर्ने र दर्ता भइसकेको नाम फेर्ने सम्बन्धमा ।

लालमोहर सदर मितिः– २०३३।७।४।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।